# पुथा उत्तरगङ्गा गाउँ कार्यपालिका बाट प्रकाशित

## स्थानीय राजपत्र

खण्डः१ संख्याः२० मितिः२०८१/१२/१९

### भाग-२

## पुथा उत्तरगंगा गाउँपालिका स्थानीय मदिरा व्यवस्थापन तथा प्रवर्द्धन ऐन, २०८१

कार्यपालिकामा प्रस्तुतः२०८१/०९/२४

गाउँ सभाबाट अनुमोदनः२०८१/०९/२५

**प्रस्तावना**

पुथा उत्तरगंगा गाउँपालिकामा बसोबास गर्ने आम नागरिकको स्वास्थ्य, सुविधा तथा आर्थिक स्थिति, सामाजिक सम्बन्ध कायम राख्न, स्थानीय मदिराको उत्पादन, बिक्रीलाई व्यवस्थित गर्न, गुणस्तरीय बनाउने, यसमार्फत स्थानीय रोजगार सिर्जना गरी गाउँपालिका तथा नागरिकको विकास गर्ने उद्देश्यले संघीय सरकारको आर्थिक वर्ष २०८१/०८२ को बजेट बक्तव्यमा दफा ९४ मा घरेलु मदिरालाई ब्राण्डिङ, बजारीकरण तथा बिक्री गर्न कानूनी व्यवस्था, नेपालको संविधान,

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई आर्थिक क्रियाकलापहरूको नियन्त्रण र व्यवस्थापनको अधिकारलाई आधार मान्दै पुथा उत्तरगंगा गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनबाट यो ऐन पारित गरिएको हो।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यो ऐनको नाम " पुथा उत्तरगंगा गाउँपालिका स्थानीय मदिरा व्यवस्थापन तथा प्रवर्द्धन ऐन २०८१" रहेको छ।

(२) यो ऐन पुथा उत्तरगंगा गाउँपालिका क्षेत्रभित्र स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात लागू हुनेछ।

२. **परिभाषाः** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा,

**क)** **“अनुमतिपत्र”** भन्नाले धारा ६(क) बमोजिम मदिराको उत्पादन, बिक्री तथा वितरण, निकासी र पैठारी कार्य गर्न दिइएको अनुमति बुझाउँछ।

**ख)** **“उत्पादक”** भन्नाले मदिरा उत्पादन गर्न अनुमति पाएको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बुझाउँछ।

**ग)** **“उत्पादन”** भन्नाले मदिरा तयार गर्न आवश्यक पदार्थ तापाई, पकाई वा त्यस्ता पदार्थमा वास्ना वा स्वाद आउने गरी मिश्रण गरेर बनाइएको प्रक्रिया बुझाउँछ ।

**घ)** **“निकासी**” भन्नाले उत्पादन गरिएको मदिरालाई गाउँपालिका क्षेत्र भन्दा बाहिर बिक्रीका लागि पठाउने कार्यलाई बुझाउँछ।

**ङ)** **“पैठारी**” भन्नाले गाउँपालिका क्षेत्र बाहिरबाट मदिरा ल्याउने कार्यलाई बुझाउँछ।

**च)** **“मदिरा”** भन्नाले अन्न, फलफूल वा कुनै पनि स्टार्चयुक्त वस्तुबाट रासायनिक प्रक्रियाद्वारा उत्पादन गरिएको अल्कोहलयुक्त पदार्थ बुझाउँछ, जसमा रक्सी, जाँड, छयाङ,

पुथाउत्तरगंगागाउँपालिकास्थानीयराजपत्र

ह्विस्की, रम, ब्राण्डी, भोड्का, वियर, वाइन, शेर्री, शँपेइन, साइडर, मीड, म्याल्ट, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्पिरिट, म्याल्ट स्पिरिट, सोलेन्ट स्पिरिट, डिहाइड्रेटेड स्पिरिट र वुड स्पिरिट समेत समावेश छन्।

**छ)** **"व्यक्ति"** भन्नाले कुनै पनि प्राकृतिक वा कानूनी व्यक्ति, प्रतिष्ठान, संघ, साझेदारी संस्था, सरकारी, संयुक्त व्यवसाय, गुठी वा कोषको सञ्चालक, प्रोपराइटर वा मुख्य मदिरा उत्पादन गर्ने प्रतिनिधि वा एजेन्टलाई बुझाउँछ।

**ज)** **"व्यवस्थापन"** भन्नाले मदिराजन्य पदार्थको उत्पादन, बिक्री तथा वितरण, निकासी र पैठारी कार्य व्यवस्थित गर्ने कार्यलाई बुझाउँछ।

**झ)** **"स्थानीय मदिरा"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिका क्षेत्रको परम्परागत विधि र कच्चा पदार्थ अन्न(कोदो, मकै, जौ, गहुँ), फलफूल (स्याउ, डिम्वुर, किवि), औषधि (गाउँपालिकाको कच्चा पदार्थ तथा जडिबुटीवाट निर्मित मदिरा उत्पादनको लागि प्रयोग गरिने औषधि) र अन्य जैविक तत्वहरू प्रयोग गरी उत्पादन गरिएको मदिरा सम्झनु पर्दछ ।

३. **उद्देश्य:** (१) यो ऐन बनाउनुको उदेश्य निम्न बमोजिम रहेको छ ।

क) पुथा उत्तरगंगा गाउँपालिकामा उत्पादित स्थानीय मदिरालाई गुणस्तरीय र सुरक्षित बनाउन ।

ख) स्थानीय मदिराको उत्पादत तर्फ प्रोत्साहन गर्न ।

ग) स्थानीय उद्योगको प्रवर्द्धन गर्दै रोजगारीको सृजना गर्न ।

घ) स्वास्थ्य लाभ र आर्थिक योगदानको दृष्टिले स्थानीय मदिराको महत्वबारे समुदायलाई जानकारी गराउन ।

ङ) ग्रामीण पर्यटन प्रवर्द्धनमा सहयोग गर्न ।

## परिच्छेद २

## स्थानीय मदिराको व्यवस्थापन

४. **मदिराको उत्पादन नियन्त्रणः** (१) कुनै व्यक्तिले अनुमति पत्र बिना वा अनुमति पत्र पाएको भएपनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक गाउँपालिकाभित्र मदिरा उत्पादन गर्न पाउँने छैन।

(२) मदिरा उत्पादन गर्नका लागि गाउँपालिकाबाट अनुमतिपत्र प्राप्त गर्नुपर्नेछ । उत्पादन गर्न चाहने व्यक्ति र उद्योगले गाउँपालिकाबाट उत्पादन अनुमतिपत्र प्राप्त गरी संघीय र प्रदेश कानुनमा अधिनमा रहि मदिरा उत्पादन गर्नु पर्नेछ । तर यस दफाले कसैलाई पनि धार्मिक तथा घरायसी प्रयोजनको लागि निश्चित परिमाणमा कानुन बमोजिम तोकिएको घरेलु मदिरा उत्पादन गर्न रोक लगाईएको मानिने छैन।

(३)स्थानीय मदिरा उत्पादन गर्दा स्थानीय कच्चा पदार्थको प्रयोग गर्नुपर्छ । मदिरामा प्रयोग हुने औषधी समेत स्थानीयस्तरमा नै उत्पादन गरेको हुनु पर्नेछ।

(४) उत्पादित मदिराको गुणस्तर संघीय, प्रदेश र स्थानीय कानूननमा तोकिएको शर्त र मापदण्ड बमोजिम हुनु पर्नेछ ।

(५) मदिरा आकर्षक र स्वच्छ प्याकेजिङमा हुनुपर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त गर्नका लागि आवश्यक योग्यता, मापदण्ड र प्रक्रियाहरू पालना गर्नुपर्नेछ ।

(७) गाउँपालिकाक्षेत्र भित्र अनुमतिपत्र ल्याई उत्पादन गरेको मदिराहरुको गुणस्तर परिक्षण, प्याकेजिङ, ब्राण्डिङ र लेबलिङ गर्नको लागि गाउँपालिकाले सहजिकरण गर्नेछ। मदिरा उन्पादन गर्नको लागि अन्तशुल्क ऐन २०५८ र अन्तशुल्क नियामावली २०५९ बमोजिम अनुमति पत्र लिनुपर्नेछ।

(८) मदिरा उत्पादन गर्ने उद्योगले गाउँपालिकाले तोकेको ब्राण्ड लिनुपर्नेछ ।

५. **मदिराको बिक्री वितरणमा नियन्त्रणः** (१) कुनै व्यक्तिले अनुमित पत्र बिना वा अनुमति पत्र पाएको भएपनि अनुमतिपत्रमा तोकिएको शर्त बाहेक गाउँपालिकाभित्र मदिरा बिक्री वितरण गर्न वा मदिरा शेवन गर्ने बार वा रेष्टुरेन्ट वा पसल स्थापना गर्न पाउँदैन ।

(२) उत्पादन अनुमति पत्र प्राप्त गरेका व्यक्ति र उद्योगहरूले मात्र मदिरा उत्पादन गर्न पाउनेछ।

(३) मदिरा बिक्रि गर्ने अनुमति पत्र प्राप्त पसलहरूबाट मात्र बिक्रि वितरण गर्नु पाउनेछ र मदिरा पसलमा अन्य

सामग्रीहरू बिक्रीका लागि राख्न पाउँने छैन।

(४) मदिराको ढुवानीका लागि गाउँपालिकाको अनुमति आवश्यक हुनेछ।

(५) अनुमति पत्र प्राप्त पसलहरुवाहेक अन्य प्रयोजनको लागि अनुमति लिएका पसलहरुले मदिरा विक्रि वितरण गरेमा जरिवाना हुनेछ ।

(६) पुथा उत्तरगंगा गाउँपालिकामा उत्पादित मदिरालाई एकीकृत "उत्तरगंगा" ब्रान्डबाट बिक्री गर्नुपर्नेछ।

६. **मदिराको निकासी पैठारीमा नियन्त्रणः** (१) कुनै व्यक्ति वा व्यवसायले अनुमति पत्र बिना वा अनुमति पत्र पाएको भएपनि अनुमतिपत्रमा तोकिएको शर्त बाहेक गाउँपालिकाभित्र स्थानीय मदिराको निकासी वा बाह्य मदिराको पैठारी गर्न पाउँने छैन ।

७. **अनुमति पत्र बिना गतिविधिः** (१) अनुमति पत्र नलिई कसैले पनि मदिराको उत्पादन, निकासी, बिक्री वा संकलन गर्न पाउँदैन।

(२) गाउँपालिकाले स्थानीय मदिराको व्यवसाय गर्न चाहानेहरुको लागि यसै कार्यविधि अन्तर्गत अनुमति पत्र

दिन सकिनेछ ।

(३) १८ वर्ष नपुगेको व्यक्तिलाई कुनैपनि अपुमति पत्र दिइने छैन ।

८. **अनुमति पत्र दिनुपर्नेः** (१) अनुमति पत्रको लागि कुनै निवेदन परेमा व्यवस्थापन समितिले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई अनुमति पत्र दिन उपयुक्त देखेमा तोकिएको ढाँचामा अनुमति पत्र दिनुपर्छ ।

(२) अनुमति प्राप्त गर्नको लागि आवश्यक कागजातहरूः

क) आवेदन फारम

ख) निबेदन

ग) नेपाली नागरिकताको प्रतिलिपि

घ) स्थायी लेखा नम्बर प्रमाणपत्र

ङ) वडा कार्यालयको सिफारिस

च) जग्गाधनी प्रमाणपत्र, भाडामा भए सम्झौता पत्र

छ) पासपोर्ट साइज फोटो ३ प्रति

ज) चालु आर्थिक वर्षको कर तिरेको रसिद

झ) उद्योग संचालन प्रवन्धपत्र

ञ) अन्य कागजपत्र

(२)स्थानीय मदिरा उद्योग संचालन गर्न चाहने गाउँपालिकाबबबाट अनुमति पत्र लिईसकेपश्चात गाउँपालिकाको सिफारिसमा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर ल्याई अन्त शुल्कमा समेत दर्ता गर्नुपर्नेछ ।

(३) मदिरा उद्योग संचालन गर्न चाहने व्यक्तिले उद्योग विभागवाट अनुमति पत्र लिनुपर्नेछ।

९. **अनुमति पत्रको अवधि र नवीकरण:** (१) अनुमति पत्रको अवधि एक वर्षको हुनेछ र हरेक आर्थिक वर्षको असार मसान्तसम्म नवीकरण गरिसक्नु पर्नेछ।

(२) अनुमति पत्र असार मसान्त सम्म नविकरण नगरेमा प्रत्येक महिना १० प्रतिशतको दरले जरिवाना लाग्नेछ।

१०. **अनुमति पत्र बदर गर्न सकिने अवस्था:** (१) तोकिएको शर्त उल्लङ्घन गरेको पाईएमा अनुमति पत्र बदर गर्न सकिन्छ।

## परिच्छेद -३

## शुल्क तथा कर सम्बन्धमा



पृथ्वी गाउँपालिका राजपत्र

११. **अनुमति पत्र तथा नविकरण शुल्क:** (१) स्थानीय मदिरा उत्पादन तथा विक्रि वितरणको लागि अनुमति पत्र तथा नविकरण शुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ। आर्थिक ऐनमा कुनै शिर्षक नभएमा कार्यपालिकाबाट निर्णय गरी शुल्क निर्धारण गर्नुपर्नेछ ।

क) उत्पादित मदिरामा गाउँपालिकाले उत्पादन र प्रदूषन कर लगाउनेछ।

१२. **निर्यात शुल्क:** (१) स्थानीय उत्पादनलाई बाह्य जिल्लामा निर्यात गर्दा गाउँपालिकाले निर्यात शुल्क लगाउनेछ ।

## परिच्छेद -४

## बाह्य मदिरा व्यवस्थापन सम्वन्धमा

१३. **बाह्य मदिरा नियन्त्रण तथा रोकथाम**: (१) गाउँपालिकामा बाह्य मदिरा पैठारी गर्दा गाउँपालिकाबाट अनुमति पत्र लिनुपर्नेछ ।

(२) स्थानीय उत्पादनको महत्व र बाह्य मदिरा सेवनको जोखिमका बारेमा जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

(३) अनुमति बिना गाउँपालिकामा भित्र्याइएको मदिरालाई जफत गरी स्थानीय प्रशासनको उपस्थितिमा कानुन बमोजिम आवश्यक कारवाही अगाडी वढाउनु पर्नेछ।

(४) अनुमति बिना मदिरा भित्र्याउने वा विक्री गर्नेको सूचना दिने व्यक्तिको परिचय गोप्य राख्ने र कानूनी सुरक्षा दिनुपर्नेछ ।

## परिच्छेद -५

## व्यवस्थापन समिति गठन सम्बन्धमा

१४. **स्थानीय मदिरा व्यवस्थापन समिति:**(१) स्थानीय मदिराको उत्पादन तथा विक्रि वितरणलाई प्रभावकारी रुपमा संचालन गरी व्यवस्थित तवरले नियमण र नियन्त्रण गर्नको लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा “स्थानीय मदिरा व्यवस्थापन समिति” गठन गर्नुपर्छ ।

(२)समितिमा निम्नानुसारको संयोजक र सदस्य रहने छन ।

क) संयोजक: गाउँपालिकाका अध्यक्ष वा गाउँपालिकाले तोकेको कार्यपालिका सदस्य

सदस्यहरू:

ख) गाउँपालिका उपाध्यक्ष

ग) प्रमुख प्रशासकिय अधिकृत

घ) कार्यपालिका सदस्य १ जना

ङ) कार्यपालिका सदस्य १ जना (महिला)

च) स्वास्थ्य शाखा प्रमुख

छ) कृषि शाखा प्रमुख

ज) वन तथा वातावरण शाखा प्रमुख

झ) उद्योग बाणिज्य संघको प्रतिनिधि

ञ) व्यापार तथा व्यवसायिक समुदायको प्रतिनिधि

ट) स्थानीय उद्योगी तथा उद्यमी

ठ) सुरक्षा निकायको प्रतिनिधि

ड) सदस्य-सचिव: राजश्व शाखा प्रमुख

(३) हरेक वडामा वडा अध्यक्षको संयोजकत्वमा वडा स्तरिय मदिरा व्यवस्थापन गठन गर्न सकिन्छ ।

१५. समितिको काम, कर्तव्य र अधिकार: (१) मदिरा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।

क) उत्पादन र बिक्रिवितरण कानून बमोजिम भए नभएको अनुगमन गर्ने।

ख) उत्पादनको लागि आवश्यक कच्चा पदार्थको आपूर्ति व्यवस्थापनमा सहयोग गर्ने।

ग) विक्रेताहरूलाई अनुमतिपत्र दिने र बिक्री गर्ने ठाउँको अनुगमन गर्ने।

घ) तोकिएका पसलहरूमा मात्र मदिरा बिक्री सुनिश्चित गर्ने र अनधिकृत रूपमा मदिरा बिक्री रोक्ने ।

ङ) उत्पादन भएको मदिरा गुणस्तरीय छ कि छैन भन्ने प्रमाणीकरण गर्ने।

च) उत्पादनकर्ताहरूले प्याकेजिङ, ब्रान्डिङ र लेबलिङको मापदण्ड पालना गरिरहेको छ कि छैन भनि अनुगमन गर्ने ।

छ) मदिरा उत्पादन तथा बिक्रीका लागि दिएको अनुमति पत्र दुरुपयोग भएमा खारेज गर्ने गाउँपालिकालाई सिफारिस गर्ने।

ज) उत्पादनका लागि आवश्यक तालिम र सीप विकास कार्यक्रम सञ्चालन गर्ने।

झ) बाहिरबाट आयात गरिने अनधिकृत मदिरा रोकथाम गर्न सुरक्षा निकायसँग समन्वय गरी कानूनी कारबाही गर्ने।

ञ) स्थानीय उत्पादनको संरक्षण र अनधिकृत बाह्य मदिराको आयत रोक्ने उपायहरू अवलम्बन गर्ने।

ट) मदिरा उत्पादन, बिक्री र ढुवानी प्रक्रियामा अनुगमन गर्ने।

ठ) उत्पादन र बिक्रिकर्ताहरूले मापदण्ड पालना नगरेको अवस्थामा आवश्यक कारबाहीको सिफारिस गर्ने।

ड) मदिरा उत्पादनले वातावरणीय प्रभाव पार्ने कुनै क्रियाकलाप नगर्ने सुनिश्चित गर्न आवश्यक नियमहरूको कार्यान्वयन गराउने ।

ढ) फोहोर व्यवस्थापन, जल प्रदूषण नियन्त्रण, र वातावरणीय मापदण्ड पालना गराउने।

ण) मदिरा उत्पादन तथा बिक्रीमा देखापर्ने कुनै पनि समस्या समाधान गर्न आवश्यक पहल गर्ने।

त) उत्पादक, विक्रेता, र उपभोक्तासँग समन्वय गरी नीति निर्माणमा सुधारको सुझाव दिने।

(२) व्यवस्थापन समितको अन्य कार्य तोके बमोजिम हुनेछ ।

१६. **<u>व्यवसायी र सेवाग्राहीले पालना गर्नुपर्ने शर्तहरू:</u>**(१) व्यवसायी र सेवाग्राहीहरुले पालना गर्नुपर्ने शर्तहरु निम्नानुसार रहेको छ ।

क) अनुमति पत्र प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र नवीकरण गर्नुपर्छ।

ख) अनुमति पत्र सबैले देख्ने गरी कारोबार स्थलमा राख्नु पर्छ।

ग) प्रत्येक बोतलमा स्टिकर टाँस गरी मदिरा विक्रि वितरण गर्नु पर्छ।

घ) साँझ ५ बजेदेखि राति ९ बजेसम्म मात्र मदिराको बिक्री वितरण गर्नुपर्छ।

ङ) २० वर्ष उमेर नपुगेका व्यक्तिहरूलाई मदिरा बिक्री गर्न पाइनेछैन ।

च) मदिरा खरिद बिक्री गर्दा रेकर्ड राख्नु पर्नेछ।

छ) अनुमति प्राप्त मदिरामात्रै बिक्री वितरण गर्नु पर्नेछ।

ज) मदिरा ऐन २०३१, अन्तः शुल्क ऐन २०५८, अन्तशुल्क नियामावली र सो अन्तर्गत बनेका कानुनहरूको पालना गर्नुपर्छ।

झ) सार्वजनिक स्थल र त्यस्तो स्थान जहाँ मदिरा सेवन गर्न मनाही छ, त्यहाँ मदिरा सेवन गर्न पाइने छैन।

ञ) मदिरा राख्न अनुमतिप्राप्त गोदाममा मात्र मदिरा राख्न पाइने छ ।

ट) जनप्रतिनिधि तथा कर्मचारीलाई कार्यालय समयमा मदिरा शेवन गर्न पाइने छैन ।

(२) उपदफा १ अनुसारको शर्तहरुको पालना गर्नु सवैको कर्तव्य हो अन्यथा कानून बमोजिम सजाय हुनेछ ।

**परिच्छेद -६**

**दण्ड तथा सजाय**

१७. **दण्ड सजाय:** (१)यस ऐनको उल्लङ्घन गर्ने व्यक्तिहरूलाई निम्नानुसारको सजाय हुनेछ।

क) साधारण व्यक्तिहरूलाई पहिलो पटक एक हजार रुपैयाँ, दोस्रो पटक चार हजार रुपैयाँ, तेस्रो पटक ६ हजार रुपैयाँ जरिवाना गरिनेछ।

ख) कर्मचारी, जनप्रतिनिधि वा सार्वजनिक पदमा भएका व्यक्तिहरूलाई पहिलो पटक चार हजार रुपैयाँ, दोस्रो पटक पाँच हजार रुपैयाँ, तेस्रो पटक सात हजार रुपैयाँ जरिवाना गरिनेछ।

ग) साधारण वा सार्वजनिक पदमा भएका व्यक्तिले मदिरा सेवन गरी सार्वजनिक स्थलमा प्रवेश गरेमा पहिलो पटक एक हजार रुपैयाँ, दोस्रो पटक तीन हजार रुपैयाँ, तेस्रो पटक पाँच हजार रुपैयाँसम्म जरिवाना गरिनेछ।

घ) यस गाउँपालिकाभित्र अनुमति नलिई मदिरा बिक्री वितरण गरेको पाइएमा पहिलो पटक रु. ५०००/ ,दोस्रो पटक रु. ७०००/ , त्यसपछि हरेक पटक रु. १०,०००/ जरिवाना गरिनेछ। यस जरिवानाको २० प्रतिशत रकम सुराकीलाई प्रोत्साहनस्वरुप दिइनेछ।

ङ) गाउँपालिकाभित्र मदिरा सेवन गरी परिवारका सदस्यलाई दुःख दिएमा पहिलो पटक रु. १०००/ ,दोस्रो पटक रु. १५००/ , त्यसपछि हरेक पटक रु. २०००/ जरिवाना गरिनेछ।

(२) गाउँपालिकाभित्र मदिरा सेवन गरी झगडा गरेमा, तोकिएको समय भन्दा बाहिर मदिरा सेवन गरेमा, मदिरा सेवन गरी सार्वजनिक स्थलमा प्रवेश गरेमा वा सार्वजनिक शान्तिसुरक्षामा अवरोध पुर्याएमा यो उपदफा १ बमोजिमको दण्ड लाग्नेछ।

(३) कुनै व्यक्तिले माथि उल्लिखित दण्ड नतिरेको अवस्थामा गाउँपालिकाले दण्डको रकम बराबरको श्रम लगाउन सक्नेछ।

(४) कर्मचारी वा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले गरेको जरिवानाको रकम सार्वजनिक निर्माण कार्यमा खर्च गरिनेछ।

१८. **मदिरा तथा अन्य सामग्रीको जफत र निलामी:** (१) कुनै व्यक्तिले यो ऐन र प्रचलित कानुन विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेको अवस्थामा सो मदिरा र प्रयोग भएका सामग्री गाउँपालिका र मदिरा व्यवस्थापन समितिले जफत गर्न सक्ने ।

(२)यसरी जफत गरिएको सामग्री प्रमुख प्रशासकीय अधिकृतले कानुन बमोजिम लिलामी गर्न सक्ने ।

१९. **अनुसन्धानको प्रक्रियामा सहयोग गर्नुपर्नेः** (१) यस कार्यविधि वा प्रचलित कानुन अन्तर्गत कुनै सजाय भएको व्यक्तिलाई अनुसन्धानको सिलसिलामा प्रमुख प्रशासकीय अधिकृत, कार्यसमिति वा तोकिएको अधिकारीले सहयोग मागेमा सहयोग गर्नु सम्बद्ध व्यक्तिको कर्तव्य हुनेछ।

२०. **मुद्दा हेर्ने अधिकारीः** (१) दफा १७ अनुसार कसुरको प्रारम्भिक कारबाही र निर्णय प्रचलित कानुन बमोजिमको निकायले गर्नेछ भने यो कार्यविधि अन्तर्गतको कसुरमा प्रारम्भिक कारबाही र निर्णय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत वा समितिलाईलाई हुनेछ।

२१. **पुनरावेदनः** (१)यस ऐन बमोजिम प्रमुख प्रशासकीय अधिकृत वा समितिले गरेको निर्णय उपर असन्तुष्टि भएमा जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

२२. **पुरस्कारः** (१)कसैले यो ऐन तथा प्रचलित कानुन विपरीत मदिरा उत्पादन, संचय, बिक्री वितरण, ओसारपसार, निकासी वा पैठारी गरेको भएमा वा गराएमा, सोको सूचना दिने वा प्रमाणसहित मदिरा र मानिस समात्न सहयोग गर्ने व्यक्तिलाई पुरस्कार दिइनेछः

क) सूचना दिने व्यक्तिलाई विगोको १० प्रतिशत।

ख) मदिरा वा मानिस समात्न सहयोग गर्ने व्यक्तिलाई विगोको १५ प्रतिशत।

ग) मदिरा र मानिस दुवै समात्न सहयोग गर्ने व्यक्तिलाई विगोको २० प्रतिशत।

(२)पुरस्कार दिने प्रयोजनको लागि मदिरा र त्यससँग सम्बन्धित जफत भएको सामग्री लिलामीबाट प्राप्त रकमलाई



पुथाउत्तरगंगा गाउँपालिका राजपत्र

विगो मानिनेछ। कुनै कारणवश जफत भएको मदिरा वा सामग्री लिलामी हुन नसकेमा गाउँपालिकाले उचित

ठहराएको रकम पुरस्कारस्वरुप दिनेछ। उपयुक्त योग्य व्यक्तिहरूमा पुरस्कार रकम बाँडफाँड गरिनेछ।

परिच्छेद ७: मुल्य निर्धारण

२३. **मुल्य निर्धारण:** (१) उत्पादित मदिराको मुल्य निर्धारण गर्दा निम्न बमोजिम गरिनेछ ।

क) कच्चा पदार्थ, श्रम, प्याकेजिङ, ढुवानी, र अन्य सम्बन्धित खर्चको आधारमा उत्पादन लागतको गणना गरिनेछ।

ख) उत्पादनको गुणस्तर, स्थानिय विशेषता, र त्यसमा प्रयोग भएका कच्चा पदार्थको आधारमा मूल्य फरक पार्न सकिनेछ।

ग) अन्न, फलफूल, बुटी आदिमा आधारित मदिराको भिन्न मूल्य राखिनेछ।

घ) स्थानीय बजारमा चलिरहेको समान गुणस्तरको मदिराको मूल्यलाई ध्यानमा राखेर निर्धारण गरिनेछ ।

ङ) गाउँपालिकाले तोकेको उत्पादन तथा प्रदुषण कर मुल्य निर्धारणमा समावेश गरिनेछ।

(२) उपदफा १ बमोजिम उत्पादित मदिराको मुल्य निर्धारण गर्दा प्रचलित कानुनको पालना गर्नुपर्छ ।

२४. **मुल्य निर्धारण समिति:** (१) गाउँपालिकाभित्र उत्पादन गरिने मदिराको सहि मुल्य निर्धारण गर्नको लागि गाउँपालिको अध्यक्षको संयोजकत्वमा मुल्य निर्धारण समिति गठन गर्नुपर्छ ।

सदस्यहरुः

क) गाउँपालिकाका अध्यक्ष (संयोजक)

ख) प्रमुख प्रशासकीय अधिकृत

ग) सामाजिक विकास समिति संयोजक

घ) आर्थिक विकास समिति संयोजक

ङ) स्थानीय कृषि तथा उद्योग व्यवसायी संघका प्रतिनिधि

च) उद्योग वाणिज्य संघको प्रतिनिधि

छ) व्यवसायीको प्रतिनिधि

ज) सचिव- रावश्व शाखा प्रमुख

२५. **समितिको जिम्मेवारी:** (१) मुल्य निर्धारण समितिको जिम्मेवारी निम्नानुसार हुनेछ ।

क) उत्पादन लागत, बजारको स्थिति, र उपभोक्ताको मागको आधारमा मूल्य निर्धारण गर्ने।

ख) मूल्य निर्धारणलाई वार्षिक समीक्षा गर्ने र आवश्यक परेमा पुनः निर्धारण गर्ने।

ग) उत्पादनकर्ताहरूले खर्चको विवरण समिति समक्ष पेश गर्नुपर्नेछ।

घ) समितिले बजारको अवस्था हेरेर प्रति लिटर (वा परिमाण) को आधारमा मूल्य निर्धारण गर्नेछ।

ङ) समितिले प्रस्तावित मूल्यलाई समीक्षा गरी उत्पादन, शुल्क तथा कर थपेर उपभोक्ताका लागि अन्तिम मूल्य निर्धारण गर्नेछ।

च) निर्धारण गरिएको मूल्य गाउँपालिकाको वेबसाइट, सूचना पाटी र स्थानीय संचार माध्यममार्फत सार्वजनिक गरिनेछ।

छ) मूल्यमा हुने परिवर्तनको जानकारी व्यवसायी र उपभोक्ताहरूलाई समयमै गराइनेछ।

२६. **व्यवसायीले पालना गर्नुपर्ने:** (१) स्थानीय मदिराको विक्रि वितरणमा व्यवसायीले निम्नानुसारको शर्त पालना गर्नुपर्छ ।

क) प्रत्येक वितरण केन्द्रले गाउँपालिकाले निर्धारण गरेको मूल्य सूचीको पालना गर्नुपर्नेछ।

ख) वितरण केन्द्रमा उपभोक्तालाई जानकारी गराउने मूल्य सूची प्रस्ट देखिने स्थानमा राख्नुपर्नेछ।

ग) गाउँपालिकाको अनुमति बिना मूल्यमा कुनै परिवर्तन गर्न पाइनेछैन।

घ) गाउँपालिकाद्वारा गठित अनुगमन समिति विक्रि तथा मूल्य निर्धारण प्रक्रियाको नियमित निरीक्षण गर्नेछ।

ङ) निर्धारण गरिएको मूल्यभन्दा बढी मूल्यमा मदिरा बिक्री गर्नेलाई कानूनी कारबाही गरिनेछ।

च) मूल्य निर्धारण समितिले प्रत्येक वर्ष मूल्यको समीक्षा गर्नेछ।

## परिच्छेद -८

## विविध

२७. **सहयोग दिने दायित्व**: (१)यो कार्यविधि वा प्रचलित कानुनको कार्यान्वयनका लागि गाउँपालिकाले मागेको सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासन, सरोकारवाला तथा अन्य निकायहरूको कर्तव्य हुनेछ।

२८. **रोजगारीको सृजना:** (१)स्थानीय कच्चा पदार्थको आपूर्तिमा कृषकहरूलाई प्राथमिकता दिनुपर्छ ।

(२)मदिरा उत्पादन, प्याकेजिङ, ढुवानी, र विक्री प्रक्रियामा स्थानीय जनशक्तिको प्रयोग गर्नुपर्छ ।

(३)उत्पादनको लागि आवश्यक तालिम र सीप विकास कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

२९. **वातावरणीय संरक्षण** (१)मदिरा उत्पादनले वातावरणीय प्रदूषण नगर्ने सुनिश्चित गर्न वातावरणीय मापदण्ड पालना गर्नुपर्छ ।

३०. **कानुनी कारबाही:** (१)अनुमति बिना मदिरा उत्पादन र बिक्री गर्ने, गुणस्तरहीन उत्पादन गर्ने वा बाह्य मदिराको अवैध आयात गर्नेहरूलाई आर्थिक दण्ड वा अनुमतिपत्र खारेज गर्नुपर्छ।

(२) मापदण्ड अनुसार उत्पादन नगर्नेलाई कानूनी कारबाही हुनेछ।

३१. **व्याख्या:** (१)कार्यविधिको कुनै दफाको  विषयमा विवाद वा अन्योल उत्पन्न भएमा यसको अन्तिम व्याख्या गर्ने अधिकार गाउँपालिकाको कार्यपालिकामा हुनेछ।

३२. **संशोधन तथा खारेजी:** (१)यो कार्यविधिलाई आवश्यकताअनुसार गाउँपालिका कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

(२) यस ऐनका प्रावधानहरू कुनै संघीय वा प्रदेश कानुनसँग बाझिएमा, ती बाझिएका प्रावधानहरू स्वतः बदर मानिनेछन्।

पृथ्वीउत्तरगङ्गागाउँपालिकास्थानीयराजपत्र